# नेपाल सरकार

## युवा तथा खेलकुद मन्त्रालय

## वर्तमान सरकार गठन भएको १०० दिनभित्र युवा तथा खेलकुद मन्त्रालय र अन्तर्गतका निकायहरूबाट सम्पादन भएका कार्यहरूको सार्वजनिकीकरणका लागि आयोजित पत्रकार सम्मेलन कार्यक्रम

माननीय मन्त्रीज्यू

युवा तथा साना व्यावसायी स्वरोजगार कोषका कार्यकारी उपाध्यक्षज्यू

राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्षज्यू

श्रीमान् सचिवज्यू

राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिवज्यू

नेपाल स्काउटका संयोजकज्यू

सञ्चारकर्मी मित्रहरू,

उपस्थित सहकर्मी मित्रहरु

हार्दिक अभिवादन !

वर्तमान सरकार गठन भएको १०० दिन पूरा भएको छ।सय दिनभित्र पुरा गर्ने गरी युवा तथा खेलकुद मन्त्रालयले मिति २०७४ चैत्र २३ गते शुक्रबार ३७ बुँदे कार्ययोजना सार्वजनिक गरेको विषय यहाँहरुलाई विदितै छ। आज हामी मन्त्रालको उक्त ३७ बुँदे कार्ययोजनाको प्रगति र कार्ययोजनामा समावेश नभएका तर यस अवधिमा मन्त्रालय र मातहतका निकायहरूबाट सम्पादन भएका अन्य महत्त्वपूर्ण कार्यहरूको विवरणसहित यहाँहरूमाझ उपस्थित भएका छौं।

यस अवधिमा कार्ययोजनाको कार्यान्वयनका लागि समयसमयमा घचघच्याई महत्त्वपूर्ण सहयोग गर्नुहुने सम्पूर्ण सञ्चारकर्मी मित्रहरूप्रति आभार प्रकट गर्दछौं। साथै कार्ययोजना कार्यान्वयनका लागि सक्रियतापूर्वक लाग्नुहुने युवा तथा साना व्यावसायी स्वरोजगार कोष, राष्ट्रिय युवा परिषद्, राष्ट्रिय खेलकुद परिषद् र नेपाल स्काउटप्रति धन्यवाद प्रकट गर्दछौं। आगामी दिनमा पनि यहाँहरुको निरन्तर साथ, सहयोग र रचनात्मक सझावको अपेक्षा गर्दछौं।

कार्ययोजना कार्यान्वयनको विस्तृत विवरण निम्नानुसार रहेको छः

| क्र.सं. | कार्य | प्राप्त नतिजा |
|---|---|---|
| क | युवा तथा खेलकुद मन्त्रालय | |
| १ | **संगठन पून:संरचना** | संघीयताको ढाँचा अनुकुल हुने गरी मन्त्रालयको संगठन संरचना नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भएको, राष्ट्रिय युवा परिषदको संगठन संरचना स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाएको तथा राष्ट्रिय खेलकुद परिषद, युवा तथा साना व्यवसायी स्वरोजगार कोष र नेपाल स्काउटको संगठन संरचनाको मस्यौदा तयारभएको । |
| २ | **लैंगिक सम्पर्क विन्दुहरुको अन्तर्क्रिया** | विभिन्न मन्त्रालयका लैगिकसम्पर्क विन्दुहरूको अन्तर्क्रिया कार्यक्रम मिति २०७५/०१/२५ गते आयोजना भएको । |
| ३ | **ऐन निर्माण तथा संशोधन** | संघीयताको ढाँचा अनुकुल हुने गरी राष्ट्रिय युवा परिषद ऐन, २०७२, खेलकुद विकास ऐन, २०४८ र नेपाल स्काउट ऐन, २०५० को मस्यौदा तयार भएको । युवा तथा साना व्यवसायी स्वरोजगार कोषको ऐन निर्माणको लागि अवधारणा पत्र तयार भइरहेको । |
| ४ | **हाई अल्टिच्यूट स्पोर्टस सेन्टर स्थापनाको अध्ययन** | प्रतिवेदन प्राप्त भई अन्तिम रुप दिने कार्य भैरहेको । |
| ५ | **खेलकुदको राष्ट्रिय संघहरुको अभिलेख तयारी** | अभिलेख तयारीका लागि सबै संघहरुलाई राष्ट्रिय खेलकुद परिषदमार्फत् पत्राचार गरिएकोमा १५० वटा संघहरुबाट विवरण प्राप्त भई अभिलेख तयार भएको। |
| ६ | **खेल पूर्वाधार निर्माण तथा सञ्चालनमा सार्वजनिक निजी साझेदारीको सम्भाव्यता अध्ययन** | खेल पूर्वाधार निर्माण तथा सञ्चालनमा सार्वजनिक निजी साझेदारीका लागि सम्भाव्यता अध्ययन कार्य भई प्रतिवेदन तर्जुमाको क्रममा रहेको । |
| ७ | **मूलपानी क्रिकेट मैदान निर्माण** | जग्गा सट्टापट्टा गरी समस्या समाधानका लागि नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव पेश भएको । |
| ८ | **राष्ट्रिय खेलकुद नीति, २०६७ परिमार्जन** | राष्ट्रिय खेलकुद नीति, २०६७ को परिमार्जनको लागि मस्यौदा तयार भएको । |
| ९ | **खेलकुद गुरु योजना तर्जुमा** | १२ वर्षे खेलकुद गुरु योजनाको मस्यौदा तयार भएको । |
| १० | **पोखरा, तुल्सीपुर र इटहरीलाई स्पोर्टस सिटीको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन** | तुल्सिपुर र इटहरीलाई स्पोर्टस सिटीको रुपमा विकास गर्नका लागि तयार गरिएको सम्भाव्यता अध्ययनको प्रतिवेदन प्राप्त भएको र पोखरालाई स्पोर्टस सिटीको रूपमा विकास गर्नका लागि सम्भाव्यता अध्ययनकोकार्य भई रहेको । |

| क.सं. | कार्य | प्राप्त नतिजा |
|---|---|---|
| ११ | **युथ भिजन-२०२५ को कार्यान्वयन कार्ययोजना तर्जुमा** | युथ भिजन-२०२५ को कार्यान्वयन कार्ययोजना तर्जुमा भएको। |
| १२ | **युवा अनुभव आदानप्रदान कार्यक्रम** | भारतीय युवा प्रतिनिधिमण्डलले नेपालको भ्रमण सम्पन्न गरेको तथा नेपाली युवा प्रतिनिधिमण्डलको चीन भ्रमणका लागि भ्रमण मिति प्रस्ताव गरिदिन चिनीया पक्षलाई अनुरोध भएको । |
| ख | राष्ट्रिय युवा परिषद | |
| १ | **युवा उद्यम कार्यक्रम** | ७२ जिल्लामा १४६वटा युवा उद्यम कार्यक्रम सञ्चालन गर्नका लागि प्राप्त प्रस्ताव स्वीकृत भई सम्वन्धित जिल्ला युवा समितिको कार्यालयमा सम्झौताको लागि पठाइएको । |
| २ | **अपाङ्गता भएका युवालाई सहयोग सामग्री वितरण** | राष्ट्रिय अपाङ्ग कोषसँग सम्झौता भई १७० जना अपाङ्ग युवालाई सहयोग सामग्री वितरण भएको । |
| ३ | **राष्ट्रपति महिला उद्यम कार्यक्रम** | राष्ट्रपति युवा महिला उद्यम सञ्चालन कार्यविधि निर्माण भएको। मानव विकास सूचकाङ्कमा पछाडि परेका जिल्लाहरूका अति विपन्न, दलित, मुसहर, पोडे, मधेसी समुदाय आदि पहिचान गरी समूह छनौट भएको । |
| ४ | **उपराष्ट्रपति युवा पुनर्स्थापना कार्यक्रम** | उपराष्ट्रपति युवा पुनर्स्थापना कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि स्वीकृत भई पुनर्स्थापना सम्बन्धी कार्य शुरु भएको। |
| ५ | **युवा संसद (Youth Parliament) अभ्यासको थालनी** | युवा संसद सञ्चालन कार्यविधि निर्माणभई प्रत्येक प्रदेशबाट २/२ वटा स्थानीय तह छनौट गरी छनौट भएका स्थानीय तहका प्रमुख र सम्वन्धित जिल्ला युवा समितिका अध्यक्षहरुका लागि स्थानीय युवा क्लव गठन गरी संसदीय अभ्यास थालनी गर्ने सम्वन्धी अभिमुखीकरण कार्य सम्पन्न भएको । |
| ग | राष्ट्रिय खेलकुद परिषद | |
| १ | **खेल प्रशिक्षकको व्यवस्था** | खेल प्रशिक्षक नभएका जिल्लामा ३९ जना प्रशिक्षकलाई परिचालन गरिएको । |
| २ | **स्पोर्टस हस्पिटल (Sports Medical Clinic) को निर्माण** | फिल्ड नापजाँच तथा ड्रईङ निर्माण कार्य सम्पन्न भई लागत अनुमान निर्धारण कार्य भइरहेको । |
| ३ | **प्रादेशिक रङ्गशाला निर्माण** | प्रदेश १ को इटहरी, ,२ को जनकपुर,३ को हेटौंडा, ४ को पोखरा, ५ को दाङ, ६ को सुर्खेत र ७ को धनगढीमा आधुनिक सुविधा सम्पन्न प्रदेश स्तरको रंगशाला निर्माणका लागि जग्गा उपलब्ध हुने सम्भावना देखिएको। |
| ४ | **स्पोर्टस युनिभर्सिटी स्थापनाको अवधारणा** | नेपाल खेलकुद विज्ञान प्रतिष्ठानबाट स्पोर्टस युनिभर्सिटी स्थापनाको अवधारणा पत्र तयार |

| क.सं. | कार्य | प्राप्त नतिजा |
|---|---|---|
| | तर्जुमा | भइरहेको । |
| ५ | अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा पदक प्राप्त खेलाडीहरुलाई प्रोत्साहन | अन्तर्राष्ट्रिय तथा राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त खेलाडीहरुलाई स्वास्थ्य, शिक्षा र यातायातमा सहुलियत प्रदान गर्न सम्बन्धित निकायसँग छलफल भईरहेको र आगामी आ.व. देखि खेलाडीलाई मासिक प्रोत्साहन भत्ता प्रदान तथा खेलाडीहरुको बीमा गर्नको लागि बजेट व्यवस्था गरिएको । |
| ६ | १३ औं दक्षिण एशियाली खेलकुद प्रतियोगिताको पूर्वाधार निर्माण तथा स्तरोन्नति | आवश्यक रङ्गशाला, कभर्डहल लगायत खेलकुद पूर्वाधारको निर्माण तथा स्तरोन्नतिको कार्य चालु आ.व.मा विनियोजित वजेट तथा श्रोत सुनिश्चितताको रकमबाट अगाडि बढिरहेको । मन्त्रालयबाट अनुगमन तथा सहजीकरण समिति बनाई निर्माण कार्यलाई तीब्र पारिएको । |
| ७ | अन्तर्राष्ट्रियस्तरको राष्ट्रिय रङ्गशाला निर्माण | काठमाण्डौ उपत्यका भित्र अन्तर्राष्ट्रिय स्तरको सेवा सुविधा युक्त रंगशाला निर्माणका लागि जग्गा पहिचान गर्ने क्रममा भक्तपुर जिल्लाको सूर्य विनायक नगरपालिकाको वडा नं. ९ र १० तथा सो नगरपालिकासँगै जोडिएको चाँगु नारायण नगरपालिकाको वडा नं. ८ र ९ को जग्गा पहिचान भएको र जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढाउन कार्यदल गठन भएको। |
| ८ | नेपाल क्रिकेट संघको विवाद समाधान | नेपालको तर्फबाट नेपाल क्रिकेट संघको विवाद समाधानका लागि ICCको रोडम्याप अनुसारको कार्य सम्पन्न भएको र ICCबाट थप निर्णय हुने क्रममा रहेको जानकारी प्राप्त भएको । |
| घ | युवा तथा साना व्यवसायी स्वरोजगार कोष | |
| १ | बैंक, वित्तीय संस्था र सहकारी संस्थाहरुलाई रोजगारमूलक कर्जा प्रदान | क) २५९ वटा सहकारी संस्थासंग रु. १ अर्व १२ करोड ४१ लाख कर्जा लागानी सम्झौता भएको ।<br>ख) ६१७ वटा सहकारी संस्थाहरुलाई सम्झौता अनुसारको (प्रथम, दोश्रो र तेस्रो) किस्ता रकम रु. १ अर्व ३६ करोड १४ लाख ६५ हजार सहकारी संस्थाको खातामा रकमान्तर भएको ।<br>ग) यस अवधिमा जम्मा ६८६७ जना स्वरोजगार भएको । |
| २ | सहकारी संस्थाका अध्यक्ष र व्यवस्थापकहरुलाई अनुशिक्षण तालिम प्रदान | २५९ वटा सहकारी संस्थाका अध्यक्ष र व्यवस्थापक गरी जम्मा ५१८ जनाले कोष सञ्चालन र कर्जा प्रवाहको अनुशिक्षण तालिम प्राप्त गरेको । |
| ३ | व्यवसाय र व्यवसायीको बिमा | ४८२७ वटा व्यवसाय र व्यवसायीको बिमा भएको । |
| ४ | कर्जा असुली सम्बन्धी विशेष अनुगमन | क) उदयुर, मुगु ,सुर्खेत, ललितपुर, काठमाडौं, स्याङ्गजा, काभ्रे, मकवानपुर र अछाम गरी ९ जिल्लाका ३७ वटा सहकारी संस्थाहरुबाट प्रवाह गरिएको कर्जा असुलीका लागि विशेष अनुगमन गरिएको ।<br>ख) कर्जा असुलीका लागि गरिएको विशेष अनुगमन तथा लिखित र मौखिक ताकेताबाट रु. |

| क्र.सं. | कार्य | प्राप्त नतिजा |
|---|---|---|
| | | ३,८७,४७,६९२/- असुल उपर भएको । |
| ५ | **समयमा कर्जा नतिर्ने संस्थाहरुको अचल सम्पत्ती तथा सरकारी सेवा सुविधा रोक्का ।** | समयमा कर्जा नतिर्ने १६ वटा सहकारीका संचालक, लेखा र कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरु गरी १७८ जनाको अचल सम्पति रोक्का गर्नको लागि सम्वन्धित मालपोत कार्यालयमा पत्राचार भएको । |
| ६ | **कर्जा नतिर्ने ऋणी तथा सम्बद्धहरुलाई कार्वाहीका लागि सिफारिस** | कर्जा नबुझाउने सहकारीका संचालक, लेखा र कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरुले कर्जा नतिरेमा कालो सूचीमा राखी खराव ऋणीहरुलाई गरिने कारवाहीका वारेमा लिखित जानकारी गराए पश्चात कर्जा असुलीमा सुधार भएको । |
| ७ | **स्वरोजगार कर्जा लगानीका लागि प्रस्ताव माग** | स्वरोजगार कर्जा लगानीका लागि प्रस्ताव मागको सूचना प्रकाशित भएको। |
| ८ | **कोष सञ्चालन नियमावली संशोधन** | युवा तथा साना व्यवसायी स्वरोजगार कोष संचालन नियमावली संशोधन प्रकृया मन्त्रालय मार्फत् अगाडि बढेको। |
| ९ | **स्थानीयस्तरमा सीपमूलक तालिम कार्यक्रम सञ्चालनका लागि समझदारी** | UNDP सँग स्थानीयस्तरमा सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्ने विषयमा छलफल भई समन्वय संयन्त्र विकास सम्वन्धी कार्य अगाडि बढेको । |
| १० | **प्रदेशस्तरमा सम्पर्क कार्यालयको स्थापना** | संघीय संरचना अनुरुप युवा तथा साना व्यवसायी स्वरोजगार कोषको प्रदेश सम्पर्क कार्यालय स्थापनाको लागि संचालक समितिबाट निर्णय भई स्थापना प्रकृया शुरु भएको । |
| ङ | नेपाल स्काउट | |
| १ | **राष्ट्रिय ज्याम्बोरी आयोजना** | करीव ५००० राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्काउटरहरुको सहभागितामा आयोजना हुन लागेको तेश्रो राष्ट्रिय ज्याम्बोरी आयोजनाका लागि सम्माननीय प्रधानमन्त्रीज्यूको संयोजकत्वमा उच्चस्तरीय सल्लाहकार समिति, माननीय युवा तथा खेलकुदमन्त्रीज्यूको संयोजकत्वमा मूल समारोह समिति सहित अन्य उपसमितिहरु गठन भएको । ज्याम्वोरी आयोजना स्थलको तयारी लगायतका संपूर्ण तयारी कार्यहरु सम्पन्न भई मिति २०७५/०२/१७ गते सम्माननीय प्रधानमन्त्रीज्यूबाट समुदघाटन हुने कार्यक्रम रहेको। |
| २ | **स्काउटरहरुलाई विपद व्यवस्थापन तालिम** | दोलखामा ३६ महिला, ४० पुरुष, सिन्धुपाल्चोकमा २७ महिला, ३९ पुरुष र तनहुँमा १७ महिला, १७ पुरुष गरी जम्मा १७६ जनालाईस्काउट आधारभूत तालिमका साथै विपद् व्यवस्थापन तालिम प्रदान गरिएको । |

## कार्ययोजनामा समावेश भएका बाहेक १०० दिनको अवधिमा मन्त्रालय र मातहतका निकायहरूबाट सम्पादन भएका अन्य महत्त्वपूर्ण कार्यहरू :

**युवा तथा खेलकुद मन्त्रालय:**

- युवा सञ्चार कार्यक्रम अन्तर्गत साप्ताहिक टेलिभिजन कार्यक्रम शुरु भई ९ वटा श्रृङ्खला प्रशारण भएको ।
- युवा तथा खेलकुद मन्त्रालय र सफल युवा उद्यमीहरुको बृतचित्त निर्माण भइरहेको ।
- खेलकुद र युवा गतिविधिका वारेमा पत्रकारसँग अन्तर्क्रिया सम्पन्न भएको ।
- युवा रोजगारी लगायत युवा सम्वद्ध अध्ययन अनुसन्धान कार्यको प्रारम्भिक प्रतिवेदन प्राप्त भएको।
- तेह्रौ दक्षिण एशियाली खेलकुद प्रतियोगिता आयोजनाका लागि आवश्यक पूर्वाधार निर्माण तथा स्तरोन्नतिका सम्वन्धमा माननीय मन्त्रीज्यूको नेतृत्वमा नियमित स्थलगत अनुगमन गरी सम्बद्ध पक्षहरुलाई समयमै गुणस्तरीय कार्य सम्पादन गर्न निर्देशन हुँदै आएको।

**युवा तथा साना व्यवसायी स्वरोजगार कोष:**

- मिति २०७५/०२/०४ र ०५ गते कोषमा कार्यरत कर्मचारीहरुलाई २ दिने क्षमता अभिबृद्धि तालिम प्रदान गरिएको ।
- स्वरोजगार कर्जा लगानीका लागि सूचना प्रकाशित गरी बैंक/वित्तीय तथा सहकारी संस्थाहरुसँग प्रस्ताव माग गरिएको ।

**राष्ट्रिय युवा परिषद:**

- कर्मचारी क्षमता अभिवृद्धि तालिम - ७३ जना, उद्यमशिलता तथा वित्तीय साक्षरता सम्बन्धी तालिम २२४ जना, सीप विकास तालिम र वस्तुगत सहायता कार्यक्रम अन्तर्गत ८४७ जनालाई प्रदान गरिएको ।
- विभिन्न जिल्लाका १००० जना युवाले उद्यमशीलता, वित्तीय साक्षरता, नेतृत्व विकासलगायतका विषयमा परामर्श सेवा प्राप्त गरेका ।
- मिति २०७५ आषाढमा प्रथम विज्ञान, सूचना तथा प्रविधि राष्ट्रिय सम्मेलन -२०७५ आयोजना गर्नका लागि तयारी कार्य भईरहेको ।
- आन्तरिक युवा अनुभव आदानप्रदान कार्यक्रम अन्तर्गत प्रदेशगत रुपमा १० समुह वनाई ४० जिल्लाका २८० जना युवा सहभागी भई उक्त कार्य सम्पन्न भएको ।
- लोपोन्मुख परम्परागत सिप युवा पुस्तामा हस्तान्तरण तथा प्रवर्द्धन गर्नको लागि लोपोन्मुख र परम्परागत सिपको छनौट गरी ८ जिल्लाका १६८ जना युवालाई उक्त सीप हस्तान्तरण गर्न कार्यक्रम जिल्लाहरुमा पठाइएको ।
- पुरस्कृत युवाको सञ्जाल निर्माण, अनुभव आदानप्रदान र प्रोफाइल तयारीका लागि पुरस्कृत युवा प्रतिभा तथा उद्यमीको राष्ट्रिय भेला सम्पन्न भई १५ सदस्यीय राष्ट्रिय युवा उद्यमी सञ्जाल गठन भएको ।
- माननीय युवा तथा खेलकुद मन्त्रीज्युको उपस्थितिमा युवा लक्षित कार्यक्रम र भावि कार्यदिशाका सम्बन्धमा आगामी दिनमा अवलम्वन गर्ने पर्ने नीति तथा योजना र युवा लक्षित कार्यक्रमका बारेमा युवा सम्बद्ध सरोकावालाहरुबाट सुझाव लिइएको ।

- ४६० गाउँपालिका प्रमुख, उपप्रमुख र वडाध्यक्षहरुका लागि युवाका मुद्दा, युवालक्षित कार्यक्रम तथा तिनीहरुको सफल कार्यान्वयनका लागि स्थानीय सरकारको भूमिका विषयक एकदिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- युवा नीति, युथभिजन युवालक्षित कार्यक्रम र युवा विकासमा सञ्चारक्षेत्रको भूमिका विषय पत्रकार अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको ।
- राष्ट्रिय युवा परिषदको युथ पोर्टल निर्माणका लागि समिति गठन गरी कार्य प्रारम्भ भएको ।

**राष्ट्रिय खेलकुद परिषद:**

- मिति २०७५ बैशाख २९ देखि जेठ २ गतेसम्म रोल्पाको लिवाङमा सभामुखकप महिला तथा पुरुष राष्ट्रिय भलिबल प्रतियोगिता सम्पन्न भएको । यस प्रतियोगितामा प्रदेशका सात टिम र तीन विभागीय गरी १० टिम सहभागी भएका ।
- कराते, तेक्वान्दो, उसु र एथलेटिक्स गरी ४ खेलका प्रदेश स्तरीय प्रतियोगिता सम्पन्न भई राष्ट्रिय प्रतियोगिता २०७५ जेठ १० र ११ गते ललितपुरमा सम्पन्न भएको ।
- प्रदेशका ७ र विभागीय टिम ३ गरी १० टिमको सहभागितामा प्रधानमन्त्री कप पुरुष क्रिकेट राष्ट्रिय प्रतियोगिता मिति २०७५ जेठ १३ देखि १८ गतेसम्म त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदान, कीर्तिपुर र मूलपानी क्रिकेट मैदानमा संचालन भइरहेको ।
- मिति २०७५ बैशाख ७ गते देखि ८ गतेसम्म काठमाडौंमा सात प्रदेश स्तरीय यौनिक तथा लैङ्गिक अल्पसंख्यक फुटसल प्रतियोगिता आयोजना भएको।
- दोस्रो काठमाण्डौं गेरोगी तथा पुम्से अन्तर्राष्ट्रिय च्याम्पियनसिप मिति २०७५ बैशाख ४ देखि ६ गतेसम्म नेपाल सहित १३ देशका ७०० जना खेलाडीहरुको सहभागितामा सम्पन्न भएको।
- नेपाल तथा भारतका विद्यालयस्तरका १००० भन्दा बढी खेलाडीको सहभागितामा काठमाडौंमा मिति २०७५ जेठ १४ गतेदेखि तेईसौं अन्तर्राष्ट्रिय विद्यालयस्तरीय करौंते च्याम्पियनसिप संचालन भईरहेको।
- अखिल नेपाल फुटबल संघको रोकिएको निर्वाचन सम्पन्न भई कार्य सुचारु भएको ।
- एशियाली खेलकुद प्रतियोगितामा सहभागी हुने खेल संख्या र खेलाडी संख्या निर्धारणका लागि मन्त्रालयबाट गठित कार्यदलले कार्य सम्पन्न गरेको र खेलाडीहरु स्वदेश तथा विदेशमा बन्द प्रशिक्षणमा रहेको ।

**नेपाल स्काउट:**

- चितवनमा मध्यमाञ्चल क्षेत्रीय स्काउट कार्यालयको आयोजनामा रोभर-रेञ्जर लिडर आधारभूत तालिमका साथै विपद् व्यवस्थापन तालिममा ७५ पुरुष, ३१ महिला गरी १०६ जना सहभागी भएका।